नेपाल सरकार

# गृह मन्त्रालय

(......................................शाखा)

राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र

पत्र संख्या :- ०७१।७२

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- ६७८

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति:- २०७२/०२/०४

**विषय :- राहत वितरण कार्यलाई थप प्रभावकारी बनाउने बारे ।**

**श्री प्रमुख जिल्ला अधिकारी,**
भूकम्प प्रभावित जिल्ला सबै ।

मिति २०७२/०१/१२ गते र तत्पश्चात निरन्तररुपमा गईरहेको भूकम्प र पराकम्पनले मुलुकका विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भएको छ । विपद्को यस्तो समयमा खोज, उद्धार र राहत कार्य समन्वयात्मकरुपमा हुँदा प्रभावित प्रत्येक व्यक्ति र परिवारले समान किसिमले सेवा सुविधा प्राप्त गर्न सक्ने तर्फ यहाँको ध्यान पुगेकै हुनुपर्छ । जिल्ला भित्र जुनसुकै संस्था वा व्यक्तिवाट वितरण हुने राहतको विवरण सरकारी अभिलेखमा जनाए पछि मात्र तोकिएको क्षेत्रमा वितरण गर्न दिनेतर्फ पर्याप्त ध्यान नपुगेको तथा प्रभावकारी अनुगमन नभएको भन्ने गुनासाहरु आउने गरेको सर्न्दभमा आउँदा दिनहरुमा राहत वितरणमा देहाएको व्यवस्था गर्नहुन र त्यस विपरित गर्ने वा अटेर गर्नेको राहत सामग्री प्राप्त गरी अभिलेखमा जनाई जिल्ला दैवी प्रकोप उद्धार समिति कै संयन्त्र प्रयोग गरी वितरण गर्नु गराउनु हुन समेत आदेशानुसार अनुरोध छ ।

१. जिल्लामा राहत वितरण गर्न इच्छुक संघ-संस्थाले वितरण गर्न खोजेको राहतको विवरण एवं लाभान्वित हुने घरधुरी/व्यक्तिको विवरण अनिवार्यरुपमा खुलाई जिल्ला दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराउने र समितिले तोकेबमोजिम वितरण गर्ने व्यवस्था मिलाउने ।
२. राहत वितरण सरकारको प्रतिनिधिको उपस्थितिमा मात्र गर्ने र राहत पाउनेको पारिवारक लगत अनिवार्यरुपमा राख्ने । प्रमुख जिल्ला अधिकारीले जिल्लाको जुनसुकै कार्यालयवाट सरकारी प्रतिनिधि खटाउन सक्ने ।
३. सरकारवाट प्राप्त राहत वितरण गर्दा अन्य संस्था/व्यक्तिवाट राहत प्राप्त घरधुरीलाई कटाएर मात्र दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्था मिलाउने ।
४. प्रभावित प्रत्येक परिवारलाई अनिवार्यरुपमा न्यूनतम एक त्रिपाल प्राप्त हुने कुराको सुनिश्चत गर्ने ।
५. खाद्यान्न वितरण गर्दा पूर्णरुपमा घरक्षति भै जीविकोपार्जको विकल्प नभएका र खाद्यान्नको अभाव भएका क्षेत्रका पीडितलाई प्राथमिता दिने । अन्यका हकमा निश्चित मापदण्डमा खाद्यान्न उपलब्ध गराए पछि खाद्यान्न वितरण कार्य बन्द गर्ने ।
६. जिल्लामा कार्यरत सबै गैरसरकारी राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ-संस्था तथा राष्ट्रसंघीय निकायहरुका काम कारवाहीलाई समन्वय र अनुगमन गरी जिल्ला दैवी प्रकोप उद्धार समितिले निर्धारण गरेको प्राथमिकताको आधारमा मात्र परिचालन गर्ने व्यवस्था मिलाउने ।
७. जिल्लामा प्राप्त भएका टेण्टहरु व्यक्तिगतरुपमा वितरण नगरी जिल्लास्थित सरकारी कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, सुरक्षा निकायका व्यारेक संचालन गर्न र अस्थायी आश्रयस्थल निर्माण गर्ने कार्यमा मात्र प्रयोग गर्नुहुन ।
८. आउँदो मनसुनमा वाढी पहिरोको प्रकोप हुनसक्ने कुरालाई मध्यनजर राखी जिल्लामा प्राप्त खाद्य तथा गैरखाद्य सामग्री मध्येबाट संचय गरी भण्डारण हुने समेत व्यवस्था मिलाउने ।
९. राहत प्राप्तिको स्रोत तथा वितरण वारे दैनिक सार्वजनिक रुपमा सूचना प्रवाह गर्ने ।
१०. जिल्लामा विभिन्न स्रोतवाट प्राप्त राहत सामग्रीको विस्तृत विवरण र प्रत्येक नगरपालिका/गाविस वितरीत राहत सामग्रीको अलग अलग विवरण तयार गरी नियमितरुपमा राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रमा पठाउने ।

रमिश्वर दंगाल
सह-सचिव

**<u>वोधार्थ तथा कार्यार्थ :</u>**
श्री क्षेत्रीय प्रशासन कार्यालयहरु, पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल :-
यस परिपत्र बमोजिम राहत तथा उद्धार कार्य प्रभावकारी भए नभएको र तथ्याङ्क संकलन तथा प्रतिवेदन नियमीत रुपमा भए नभएको अनुगमन गर्नुहुन अनुरोध ।